**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २४ सितम्बर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- **क्षेत्रीय ग्रामीण बैंकहरू सहित सबै बैंकहरू ग्राहकहरूको सुविधाको लागि यस आइतबार खुला रहनेछन्।**

- पश्चिम बंगाल सरकारले ,दुर्गा पूजा अघि राज्य कर्मचारीहरूलाई अप्रैल 2008 देखि डिसेम्बर 2015 सम्मको महंगाई भत्ता भुक्तानी गर्ने भएको छ।

- **गौतम अडानीले मुख्यमन्त्री शुभेन्दु अधिकारीसित कोलकातामा 'अडानी आरोग्य मंदिरको शिलान्यास गर्नुभयो।**

- गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको बैठक भोलि हुने भएको छ।

- भारतीय जनता पार्टीका दार्जीलिंग जिल्ला अध्यक्ष सञ्जीव लामाले मिरिक महाविद्यालयको सञ्चालन समिति अध्यक्षका रूपमा औपचारिक पदभार ग्रहण गरेका छन्।

**बैंक आइतबार**

वित्त मन्त्रालयले, ग्राहकहरूको सुविधाको लागि सबै सार्वजनिक क्षेत्रका बैंकहरू र क्षेत्रीय ग्रामीण बैंकहरू आइतबार 27 सेप्टेम्बरको दिन , खुला रहने जानकारी दिएको छ।मन्त्रालयले, 28 देखि 30 सेप्टेम्बर सम्म युनाइटेड फोरम अफ बैंक युनियनले प्रस्ताव गरेको तीन दिने राष्ट्रव्यापी बैंक हडताललाई ध्यानमा राख्दै यो कदम चालिएको बताएको छ।भारतीय रिजर्भ बैंकले आइतबार सबै बैंक शाखा, कार्यालय, एटीएम-जडित शाखा र करेंसी चेस्ट पूर्ण रूपमा सञ्चालन गर्न स्वीकृती दिईएको छ।वित्त मन्त्रालयले सरकार र बैंक प्रबंधनले युनियनहरूलाई प्रस्तावित हडताल स्थगित गर्न अपील गरेको बताएको छ।

**पश्चिम बंगाल - दुर्गा पूजा**

पश्चिम बंगाल सरकारले ,दुर्गा पूजा अघि राज्य कर्मचारीहरूको बकाया महँगाई भत्ता (DA) एकमुष्ट भुक्तानी गर्नेछ। वित्त विभागले, भनेको छ अप्रैल 2008 देखि डिसेम्बर 2015 सम्म सात वर्षको अवधिको महंगाई भत्ता बकाया, सर्वोच्च न्यायालयको निर्देश अनुसार पूर्ण रूपमा भुक्तानी गरिनेछ।यसको भुक्तानी  यस महिनाको अन्त्यसम्ममा हुने अपेक्षा गरिएको छ।ग्रुप ए देखि ग्रुप सी सम्मका कर्मचारीहरूको बकाया उनीहरूको GPF खातामा जम्मा गरिनेछ।साथै, आगामी तीन महिनामा अवकाश लिनेहरू र ग्रुप डी का कर्मचारीहरूले यो राशि सिधै आफ्नो बैंक खातामा पाउनेछन्।ग्रुप ए देखि ग्रुप सी का कर्मचारीहरूले 31 मार्च 2028 पछि आफ्नो GPF खाताबाट यो राशि झिक्न सक्नेछन्। सरकारले जनवरी 2016 देखि डिसेम्बर 2019 सम्मको बकाया महंगाई भत्ताको भुक्तानी गरिसकेको छ।यस भुक्तानीका साथै राज्य सरकारले, आफ्ना सेवारत कर्मचारीको 2008 देखि 2019 सम्मको सम्पूर्ण बकाया महंगाई भत्ता भुक्तानी गरेको छ ।

**पश्चिम बंगाल-जेम**

पश्चिम बंगाल सरकारले सरकारी वस्तुहरु र सेवाहरूको खरिदका लागि सरकारी ई-मार्केटप्लेस-जेमको प्रयोग अनिवार्य बनाएको छ।वित्त विभागले राज्य सरकारको प्रशासनिक नियन्त्रणमा रहेका सबै विभाग, अधीनस्थ कार्यालय र संगठनहरूले जेमको माध्यमले मात्र वस्तु र सेवाहरू खरिद गर्नुपर्ने बताएको छ।सरकारले बताए अनुसार, यो कदम सरकारी खरिदमा अधिक पारदर्शिता र दक्षता सुनिश्चित गर्दै लागत घटाउने उद्देश्यले लिइएको हो।सबै विभाग र संगठनहरूलाई जेममा पंजीकरण प्रक्रिया तुरुन्तै सुरु गर्न निर्देश दिइएको छ।

**पश्चिम बंगाल- अडानी आरोग्यमंदिर हॉस्पिटल**

अडानी ग्रुपका चेयरमैन गौतम अडानीले आज पश्चिम बंगालको न्यू टाउनको सिलिकन भ्यालीमा दुईहजार बेडको सुपर स्पेशियलिटी हस्पिटलको आधारशिला राख्नुभयो।यस अवसरमा मुख्यमन्त्री शुभेन्दु अधिकारी पनि उपस्थित हुनुहुन्थ्यो। मुख्यमन्त्रीले भन्नुभयो यो हस्पिटल देशमा आफ्नै प्रकारको पहिलो हस्पिटल हुनेछ।यसको 2,000 बेड मध्ये 1,000 बेड गरिब र खाँचोमा परेका बिरामीहरूका लागि आरक्षित गरिनेछ, जबकि बाँकी व्यावसायिक रूपमा प्रयोग गरिनेछ। श्री गौतम अडानीले भन्नुभयो अडानी ग्रुपले आगामी केही वर्षमा पश्चिम बंगालका विभिन्न क्षेत्रमा एक लाख करोड रुपियाँ लगानी गर्नेछ।उहाँले थप भन्नुभयो, अडानी समूहले मल्टी-स्पेशियलिटी 'अडानी आरोग्य मन्दिरमा चार हजार करोड रुपियाँ खर्च गर्नेछ र 10 हजार रोजगारी सिर्जना गर्नेछ।यसमा बिरामीका सहयोगीहरूका लागि आवास, एक मेडिकल कलेज र उन्नत अनुसन्धान प्रयोगशालाहरू पनि सामेल हुनेछन्। ऐतिहासिक राइटर्स बिल्डिंगको जीर्णोद्धारको लागि राज्य सरकार र अडानी ग्रुप बीच दुईवटा समझौता ज्ञापमा पनि हस्ताक्षर गरियो।

**नीट पीजी परिणाम**

राष्ट्रीय चिकित्सा विज्ञानमा राष्ट्रिय परीक्षा बोर्डले आफ्नो आधिकारिक वेबसाइटमा NEET PG-2026 को नतिजा घोषणा गरेको छ। वर्ष 2026-27 को प्रवेश सत्र लागि विभिन्न एमडी/एमएस/डीएनबी/डक्टर एनबी (6 वर्षे पाठ्यक्रम) र पीजी मेडिकल डिप्लोमा पाठ्यक्रमहरूमा भर्नाको लागि 30 अगस्तमा देशभरि परीक्षा सञ्चालन गरिएको थियो।बोर्ड अनुसार कुल 2 लाख 65 हजार 960 उम्मेदवारले परीक्षा दिएका थिए। बोर्डले उम्मेदवारहरूले एक अक्टोबरमा वा त्यसपछि आधिकारिक वेबसाइटबाट आफ्नो स्कोर कार्ड डाउनलोड गर्न सक्ने बताएको छ।साथै, उत्तर कुञ्जी एक अक्टोबरमा बोर्डको वेबसाइटमा प्रकाशित हुने अपेक्षा गरिएको छ।

**प्रधानमन्त्रीको जन सेवाको 25 वर्ष**

प्रधानमन्त्री नरेन्द्र मोदीले जन सेवामा 25 वर्ष पूरा गर्दै हुनुहुन्छ। उहाँको यात्रा **जन सेवा देखि देश सेवाको** संकल्प र निरन्तर जन सेवाको भावनाले प्रेरित रहेको छ।सेवा र सुशासनको सोचका साथ, सरकारले वर्ष 2047 सम्ममा विकसित भारतको लक्ष्यतर्फ काम गरिरहेको छ।समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमबाट मानिसहरुको जीवनमा परिवर्तन ल्याउने प्रयास भइरहेको छ। आजको यस विशेष शृङ्खलामा हामी **जल जीवन मिसन**को माध्यमले यो दृष्टिकोणलाई कसरी व्यवहारमा उतारिइयो भन्ने बारे कुरा गर्नेछौं।

***बाईट..... जल जीवन मिसन***

**जिटिए बैठक**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको बैठक भोलि हुने भएको छ। लगभग एक बर्षपछि जिटिए सभाको बैठक हुन लागेको हो। यसै बर्ष सम्पन्न राज्यको बिधानसभा चुनावमा राज्यमा सत्ता परिवर्तनपछि तत्कालीन जिटिएका प्रमुख कार्यपाल अनित थापाले राजिनामा दिएपछि जिटिएको भविष्यमाथि अन्यौता देखिएको थियो। यसै अन्यौलतालाई अन्त्य गर्दै सरकारले जिटिएको प्रशासकको रुपमा मुख्य सचिव स्मुति रञ्जन मोहन्तीलाई नियुक्त गरेपछि यो बैठक हुन लागेको हो। बैठकमा क्षेत्रका सांसद राजु विष्ट, राज्यका पार्वतीय मामिला मन्त्री बिशाल लगायत दार्जीलिङ, कालेबुङ अनि खरसाङका बिधायकहरु अनि राजिनामा नदिएका जिटिएका सभासदहरु उपस्थित रहने अपेक्षा गरिएको छ।

**सञ्जिव लामा, पदभार ग्रहण**

भारतीय जनता पार्टीका दार्जीलिंग जिल्ला अध्यक्ष सञ्जीव लामाले मिरिक महाविद्यालयको सञ्चालन समिति अध्यक्षका रूपमा औपचारिक रूपमा पदभार ग्रहण गरेका छन्। महाविद्यालयमा आयोजित विशेष कार्यक्रममा नवनियुक्त अध्यक्ष लामालाई स्वागत गरियो| पदभार ग्रहणपछि कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष सञ्जिव लामाले मिरिक महाविद्यालयको शैक्षिक गुणस्तर, पूर्वाधार तथा समग्र विकासका लागि आफ्नो तर्फबाट सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। महाविद्यालयको प्रगतिमा सबै पक्षबीच सहकार्य र समन्वय आवश्यक रहेको उनले बताए। महाविद्यालयका प्राचार्य प्रो. शेराप भुटियाले स्वागत सम्भाषण राख्दै हाल महाविद्यालयले भोगिरहेको समस्याहरु प्रति अवगत गराए। कार्यक्रममा महाविद्यालय परिवारका प्रतिनिधि, प्राध्यापक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा महाविद्यालयको नेपाली विभागका प्रमुख डा. आनन्द छेत्रीले धन्यवाद ज्ञापन गरे। कार्यक्रमको सञ्चालन अंग्रेजी विभागकी प्राध्यापिका सुदीपा लामाले गरेकी थिइन्।
कार्यक्रमलाई थप आकर्षक बनाउन विद्यार्थीहरूले गीत तथा नृत्य प्रस्तुत गरेका थिए। पदभार ग्रहण कार्यक्रमले महाविद्यालयमा नयाँ नेतृत्वप्रति सकारात्मक वातावरण सिर्जना गरेको थियो।

**प्राणी सम्पदा विभागद्वारा पशु टिकाकरण**

देशव्यापी रूपमा गृहपालित पशुहरूलाई रोगमुक्त बनाउने उद्देश्यले सञ्चालन भइरहेको 'सेवा संकल्प अभियान' अन्तर्गत दार्जिलिङ पुलबजार खण्डको प्राणी सम्पदा विभागको आयोजनामा मंगलबार कैजले तथा गोक दुई ग्रामअन्तर्गतको विभिन्न गाउँहरुमा पशु टिकाकरण अभियान सम्पन्न भएको छ।
अभियानका क्रममा विभागका अधिकारी तथा कर्मचारीहरूले घर–घर पुगेर गृहपालित पशुहरूलाई पीपीआर (PPR) विरुद्धको खोप लगाएका छन्। यस अभियानमार्फत ग्रामीण क्षेत्रमा पशुहरूलाई विभिन्न रोगबाट सुरक्षित राख्न सहयोग पुग्ने बताउँदै स्थानीयहरुले पशु टिकाकरण अभियान सञ्चालन गरेकोमा देशका प्रधानमन्त्री तथा राज्यका मुख्यमन्त्रीप्रति आभार व्यक्त गरेका छन्।

**शोभा यात्रा**

फूलपाती शोभायात्रालाई लिएर सूचना अनि सांस्कृतिक विभाग गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको आयोजनामा खरसाङमा सभा सम्पन्न भएको छ। सभा खरसाङको पार्क लोकेशनस्थित सार्वजनिक भवनमा विनोद प्रकाश शर्माको अध्यक्षतामा सम्पन्न भयो। सभालाई सूचना अनि सांस्कृतिक विभाग खरसाङका प्रभारी गोबिन्द छेत्रीले सञ्चालन गर्दै सभाको औचित्य र उद्देश्य विषयमा विस्तृत जानकारी गराएका थिए। सभामा खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाहरुका प्रतिनिधिहरु उपस्थित रहेका थिए। सभामा उपस्थित प्रतिनिधिहरुले फूलपाती शोभायात्रा समारोहलाई लिएर विभिन्न प्रकारका सल्लाह सुझावहरु राखेका थिए। यसै सभामा नै फूलपाती सांस्कृतिक शोभायात्राको लागि कमिटी गठन गरिएको छ। उक्त कमिटीमा सभापति आईएन शर्मा, उपाध्यक्षद्वय आशा मुखिया लामा र रामकृष्ण शर्मा, सचिव गोविन्द छेत्री, सह सचिव सुरेन कटुवाल, कोषाध्यक्ष राजेस गजमेर चयन भएका छन्।

**********